# कागेश्वरी मनोहरा नगरपालिका
**KAGESHWORI MANOHARA MUNICIPALITY**
नगर कार्यपालिकाको कार्यालय (OFFICE OF MUNICIPAL EXECUTIVE)
डाँछी, काठमाडौं (Danchhi, Kathmandu)
बागमती प्रदेश, नेपाल (Bagmati Province, Nepal)

पत्र संख्या :- ०७७/०७८
च.नं. ४०३४

मिति : २०७७।१२।२६

श्री वडा कार्यालय सबै ।
कागेश्वरी मनोहरा नगरपालिका,
डाँछी, काठमाडौं ।

विषय : जानकारी सम्बन्धमा ।

प्रस्तुत विषयमा चालु आ.ब. २०७७।७८ मा यस कागेश्वरी मनोहरा नगरपालिकाको लागि बागमती प्रदेश सरकारबाट प्राप्त शसर्त अनुदान अर्न्तगत बाबुआमा विहीन बालबालिका संरक्षण कार्यक्रम सञ्चालनार्थ संलग्न १५ दिने सूचना टाँस गरी आफ्नो वडा अर्न्तगत सूचनामा उल्लेखित आधार पुगेका निवेदनहरुलाई कागेश्वरी मनोहरा नगरपालिकाको महिला, बालबालिका तथा समाजकल्याण शाखामा पठाई दिनुहुन जानकारीको लागि अनुरोध छ । साथै सूचना, निवेदनको ढाँचा र कार्यविधि यसै साथ संलग्न छ ।

गिरीराज ज्ञवाली
प्रमुख प्रशासकीय अधिकृत

# कागेश्वरी मनोहरा नगरपालिका
KAGESHWORI MANOHARA MUNICIPALITY
नगर कार्यपालिकाको कार्यालय (OFFICE OF MUNICIPAL EXECUTIVE)
डाँछी, काठमाडौं (Danchhi, Kathmandu)
बागमती प्रदेश, नेपाल (Bagmati Province, Nepal)


पत्र संख्या :- ०७७/०७८
च.नं.

मिति : २०७७/१२/२६

## आमा बाबु विहीन बालबालिकाले निवेदन दिने सम्बन्धी सूचना ।

कागेश्वरी मनोहरा नगरपालिका भित्र स्थायी बसोबास गर्ने, आमाबाबु दुबैको मृत्यु भएको वा दुबैको संरक्षण र रेखदेखबाट बन्चित भई अरुको संरक्षणमा रहेको, १८ बर्ष पूरा नगरेका, ५ बर्ष पूरा गरेको बालबालिकाको हकमा विद्यालय भर्ना भई नियमित विद्यालय जाने गरेको र कुनै गैरकानुनी वा अपराधिक कार्यमा संलग्न नभएका बालबालिकाको शिक्षा, स्वास्थ्य र पोषणको सुनिश्चितता गरी सामाजिक संरक्षण गर्ने उद्देश्यले कागेश्वरी मनोहरा नगरपालिका भित्र बसोबास गर्ने तपसिलका दायरामा पर्ने बालबालिकाहरुका लागि यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र निम्न बमोजिमको दरखास्त पेश गर्नुहुन सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ, १५ दिनभित्र पर्न आएका दरखास्तको जाँचबुझ गरी निजहरुलाई भत्ता प्रदान गरिनेछ ।

**तपसिलः**

**निवेदन साथ पेश गर्नुपर्ने कागजातहरु :**

(१) आमा र बाबु दुबैको मृत्यु भएका वा वेपत्ता भएका वा दुबैको संरक्षण र रेखदेखबाट बन्चित भई अरुको संरक्षणमा रहेका बालबालिकाको तर्फबाट संरक्षक, माथवर वा स्याहार सुसार गर्ने व्यक्तिले देहायका कागजात संलग्न गरी आफू बसोबास गरेको **वडा कार्यालय मार्फत** स्थानीय तहले निर्धारण गरेको आवेदन को ढाँचामा निवेदन पेश गर्नुपर्नेछ ।

(२) जन्मदर्ताको प्रमाणपत्रको प्रतिलिपि नागरिकता भएमा (नागरिकता प्रमाणपत्रको प्रतिलिपि) ।

(३) बाबु र आमा दुबैको मृत्यु दर्ता प्रमाणपत्रको प्रतिलिपि वा बाबु र आमा दुबै बेपत्ता भएको वा दुबैको संरक्षण वा रेखदेखबाट बन्चितिमा परेको प्रमाणित कागजात ।

(४) विद्यालयमा भर्ना भई नियमित विद्यालयमा जाने, गएको भनी विद्यालयले दिएको सिफारिस पत्र । (५ वर्ष उमेर पुरा गरेको बालबालिकाको हकमा मात्र)

(५) संरक्षकको नागरिकता प्रमाणपत्रको प्रतिलिपि ।

(६) सम्बन्धित बालबालिकाको संरक्षक हो भनी प्रमाणित गरिएको वडाको सिफारिसपत्र ।

# निवेदनको ढांचा

श्री वडा अध्यक्षज्यु,

.......नं वडा कार्यालय

कागेश्वरी मनोहरा नगरपालिका ।

विषय : सहयोग उपलब्ध गराई पाउँ ।

महोदय,

यस कागेश्वरी मनोहरा नगरपालिका वडा नं. स्थायी बसोबास गर्ने म .....................मेरो बाबु आमा दुबैको मृत्यु भएको/दुबै बेपत्ता भएको वा दुबैको संरक्षण वा रेखदेखबाट वन्चितिमा परेको कारण ..............................को संरक्षण, माथवर वा स्याहार सुसारमा रहेकोले शिक्षा, स्वास्थ्य र पोषणका लागि आर्थिक सहयोगको आवश्यकता परेको हुदाँ यस वडा कार्यालयबाट नियमानुसार प्राप्त हुने सहयोग उपलब्ध गराई पाउन यो निवेदन पेश गरेको छु ।

माथवर/स्याहारसुसार वा संरक्षण गर्ने व्यक्ति वा बालबालिकाको तर्फबाट

नाम :

ठेगाना :

दस्तखत :

मिति :

**संलग्न कागजातहरु :**

(१) जन्मदर्ताको प्रमाणपत्रको प्रतिलिपि वा नागरिकताको प्रमाणपत्रको प्रतिलिपि ।

(२) बाबु र आमा दुबैको मृत्युदर्ताको प्रमाणपत्र वा बाबु र आमा दुबै वेपत्ता भएको वा दुबैको संरक्षण/रेखदेखबाट वन्चितिमा परेको प्रमाणित कागजात ।

(३) विद्यालय भर्ना भई नियमित विद्यालय जाने गरेको भनी विद्यालयले दिएको सिफारिसपत्र (५ वर्ष पुगेको बालबालिकाको हकमा) ।

## ४. PLMBIS Code No. ६ .२ .२.३८६ आमा बाबु विहिन बालबालिका संरक्षण कार्यक्रम

| शीर्षक | विवरण |
|---|---|
| उद्देश्य | १. आमा बाबु दुवै गुमाएका बालबालिकाको शिक्षा, स्वास्थ्य र पोषण को सुनिश्चितता गरी सामाजिक संरक्षण गर्नु । |
| लक्षित समूह | आमा र बाबु विहिन १८ बर्ष उमेर पूरा नगरेका बालबालिका । |
| कार्यक्रम संचालन प्रक्रिया | १. आमा र बाबु दुवैको मृत्यु भएका वा दुवै वेपत्ता भएका वा दुवैको संरक्षण र रेखदेखबाट बञ्चित भई अरुको संरक्षणमा रहेका र यस मार्गदर्शन बमोजिम योग्यता पुगेका बालबालिकालाई मासिक रुपमा भत्ता वितरण गरिनेछ ।<br>२. यस कार्यक्रम बमोजिम भत्ता प्राप्त गर्न योग्य बालबालिकाको लागि स्थानीय तहले १५ दिनको समयावधि तोकी सूचना प्रकाशन गरी आवेदन आह्वान गर्नु पर्नेछ ।<br>३. यस कार्यक्रम बमोजिम भत्ता प्राप्त गर्न योग्य बालबालिकाले वा निजको संरक्षक, माथवर वा स्याहार सुसार गर्ने व्यक्तिले सम्बन्धित स्थानीय तहको वडा कार्यालयमा आवेदन दिनु पर्नेछ । त्यस्तो आवेदनको ढाँचा स्थानीय तहले निर्धारण गरे बमोजिम हुनेछ ।<br>४. आवेदनको साथमा देहायका कागजातहरु संलग्न गर्नुपर्नेछः<br>(क) जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि (नागरिकता भएमा नागरिकता प्रमाणपत्रको प्रतिलिपि)<br>(ख) बाबु र आमा दुवैको मृत्युदर्ता प्रमाणपत्रको प्रतिलिपि वा बाबु र आमा दुवै वेपत्ता भएको वा दुवैको संरक्षण र रेखदेखबाट बञ्चितीमा परेको प्रमाणित कागजात,<br>(ग) विद्यालयमा भर्ना भई नियमित विद्यालय जाने गरेको भनी विद्यालयले दिएको सिफारिस पत्र (५ वर्ष |

| | |
|---|---|
| | उमेर पूरा गरेको बालबालिकाको हकमा मात्र)<br>(घ) संरक्षकको नागरिकता प्रमाणपत्रको प्रतिलिपि,<br>५. सम्बन्धित बालबालिकाको संरक्षक हो भनी वडाले दिएको सिफारिस पत्र सम्बन्धित वडा कार्यालयमा प्राप्त निवेदनको सङ्कलन गरी सोको सम्पूर्ण विवरण तथा कागजात वडा कार्यालयले गाँउ/नगर कार्यपालिकाको कार्यालयमा पठाउनु पर्नेछ ।<br>६. गाँउ/नगर कार्यपालिकाको कार्यालयले वडा कार्यालयबाट प्राप्त आवेदनको आवश्यक छानविन गरी भत्ता प्राप्त गर्न योग्य बालबालिकाको तथ्याङ्क एकीन गरी लाभग्राही बालबालिकाको नाम नामेसि र निजको बाबु र आमाको मृत्यु वा वेपत्ता वा दुवैको रंरक्षण र रेखदेख नभएको प्रमाणसँग सम्बन्धित विवरण उल्लेख गरी मन्त्रालयमा पठाउनु पर्नेछ ।<br>७. उक्त एकीन भएको तथ्याङ्क बमोजिम सम्बन्धित स्थानीय तहले चौमासिक रुपमा भत्ता वितरण गर्नु/गराउनु पर्नेछ । |
| **भत्ता प्राप्त गर्ने बालबालिकाको योग्यता** | १. आमा र बाबु दुवैको मृत्यू भएको वा दुवै वेपत्ता भएको वा दुवैको संरक्षण र रेखदेखबाट बञ्चित भई अरुको संरक्षणमा रहेको<br>२. १८ वर्ष उमेर पूरा नगरेको,<br>३. ५ वर्ष उमेर पूरा गरेको बालबालिकाको हकमा विद्यालयमा भर्ना भई नियमित विद्यालय जाने गरेको,<br>४. कुनै गैरकानुनी वा अपराधिक कार्यमा संलग्न नभएको । |
| **अभिलेख व्यवस्था र प्रतिवेदन** | १. यस कार्यक्रम बमोजिम भत्ता पाउने बालबालिकाको वडागत सूचि तयार गरी अभिलेख राख्ने जिम्मेवारी सम्बन्धित स्थानीय तहको हुनेछ र यसै अभिलेखको आधारमा भत्ता वितरण गर्नुपर्नेछ,<br>२. सामाजिक सुंरक्षा नियमावली, २०७६ को नियम २३ बमोजिम मन्त्रालयमा पेश गर्ने प्रतिवेदनमा यस कार्यक्रम बमोजिम वितरण भएको भत्ताको विवरण समेत समावेश गर्नुपर्नेछ । |
| **बजेट व्यवस्था** | १. लक्षित समूहका प्रति बालबालिकाका लागि मासिक रु. २००० (दुई हजार) का दरले भत्ता वितरण गर्नुपर्नेछ,<br>२. यस शीर्षकमा विनियोजित बजेटबाट अन्य कार्यमा खर्च गर्न वा रकमान्तर गर्न पाइने छैन । |
| **खर्च र लेखापरीक्षणः** | १. स्थानीय तहले यस कार्यक्रम बमोजिमको लाभग्राही बालबालिकाको अद्यावधिक विवरण अनुसार सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट निकासा प्राप्त गर्नेछन् ।<br>२. प्राप्त निकासा रकम बालबालिकाको भत्ता बाहेक अन्य कार्यमा खर्च गर्न पाइने छैन र दोहोरो पर्ने गरी भत्ता वितरण गर्न पाइने छैन तर संघीय सरकार वा स्थानीय तहबाट वा अन्य कुनै प्रकृतिको भत्ता प्राप्त गरिरहेको भए अन्य कटौती गरी यस कार्यविधि बमोजिमको सुविधा प्रदान गर्न बाधा पर्ने छैन ।<br>३. भत्ता प्राप्त गर्ने सम्बन्धित लाभग्राही बालबालिकालाई मात्र वा निजको संरक्षक भएमा संरक्षकलाई मात्र भत्ता रकम भरपाई गरी वितरण गर्नुपर्नेछ ।<br>४. लेखापरीक्षण प्रचलित कानुन अनुसार हुनेछ । |
| **अनुगमन र मुल्याङ्कन** | मन्त्रालयले कार्यक्रम कार्यान्वयनको अनुगमन गर्नेछ र सम्बन्धित स्थानीय तहले भत्ता वितरणको नियमित अनुगमन गर्ने व्यवस्था मिलाउनु पर्नेछ । |